# जि.वि.स.मा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

२०७३

आयोजक :

**जिल्ला विकास समितिको कार्यालय,**

**कंचनपुर**

मिति : २०७३।३।२

## १) पृष्ठभुमी :

यद्यपी जिविस पहिले देखि नै जनमुखी थियो, तर जनताका बुझाई हरु फरक थिए । धैरै का बुझाई आजसम्म पनि फरकै छन । कर्मचारी संयन्त्र बाट सञ्चालन हुने कार्यहरुका सवालमा समय सापेक्ष रुपमा टिप्पणी हुने सम्भावना पनि बढि हुन्छ । प्रजातान्त्रीक अभ्याससगै विकास भएको विकेन्द्रिकरणको नितिमा राष्ट्र अभ्यस्त हुदै आएको छ । लोकतन्त्र प्राप्ती पछि सरकारी गैरसरकारी सबै निकायहरुले कार्यशैलीमा पनि सुधार ल्याएका छन । नेपालमा स्थानीय विकास निर्माणका लागि जनताको प्रतिनिधिमुलक संस्थाको रुपमा जिल्ला विकास समिति तथा त्यो भन्दा पनि तल गाविसहरुले कार्य गर्ने संरचना छ । संरचनागत हिसाबले जिविस स्थानीय विकासको समन्वयकर्ता र प्रमुख सरोकारवाला निकाय पनि हो । देशको सबै भन्दा महत्वपुर्ण अंग मानिएका स्थानीय निकायले कसरी काम कारवाही गर्दछ त्यो लक्षित क्षेत्रका जनताको पहिलो जिज्ञासा र सरोकार को विषय हो भन्दा अतिसंयोक्ति पनि नहोला । तर अधिकांस जनता अझै गरिवि र अशिक्षाको रेखा मुनी नै भएकाले धेरैले जिविस तथा अन्य सरकारी निकायले के सेवा प्रदान गर्दछ भन्ने जानकारी नै पाउन नसकेको यर्थात हामी सामु छ ।

यसै समस्यालाई ध्यानमा राखि जिल्ला विकास समितिको कार्यालयले आ.व. ०६३/०६४ देखि नै सार्वजनिक सुनुवाईको आयोजना गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस आ.व.को तेश्रो चौमासिकमा जिल्ला प्रशासन कार्यलय संगको समन्वयमा जिल्ला स्थित सवै सरकारी कार्यालयका कामकाजमा जवाफदेहिता र पारदर्शिता कायम गर्नुका साथै सेवाप्रवाहमा सेवाग्राहीको सेवामा सहज पहुंच स्थापित गर्ने उद्येश्यका साथ जिविस हलमा मिति २०७३।३।३ गतेका दिन सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो ।

## २) कार्यक्रम संचालन भएको स्थान :

यस पटकको सार्वजनिक सुनुवाई कार्यक्रमलाई जि.वि.स.को सभाकक्षमा संचालन गरिएको थियो ।

## ३) कार्यक्रमका सहभागीहरु :

यस सार्वजनिक सुनुवाई कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्रीमनोहरप्रसाद खनालको अध्यक्षतामा संचालन भई जम्मा ११० जनाको सहभागिता रहेको थियो ।

## ४) स्वागत मन्तव्य :

कार्यक्रममा सहभागीहरुको स्वागत सहायक प्रमुख जिल्ला अधिकारी श्री प्रेमवहादुर कुवरले गर्नुभएको थियो ।

## ५) कार्यक्रमको उद्देश्यबारे जानकारी :

भानदेव भट्ट का.अ.जिल्ला बिकास समिति कञ्चनपुर ।

## ६) नागरिक सुनुवाईको आचारसंहिता वारे जानकारी : भानदेव भट्ट

१) सुनुवाईका सहभागीले वोल्न लिखित वा संकेत (हात उठाएर) वाट अनुमति लिनु पर्दछ ।

२) संचालकले सहमति दिए पश्चात मात्र वोल्नु पर्नेछ ।

३) सहभागी तथा वक्ताहरुको लागि समय सीमा तोकिनु पर्दछ र समय सीमा भित्र रहि वोल्नु पर्दछ ।

४) सहभागीहरुले आफ्नो कुरा राख्न आफ्नो परिचयको साथै आफुले सेवा प्राप्त गर्दा भएको अनुभव विषय केन्द्रीत भएर वोल्नु पर्नेछ ।

५) अनावश्यक वा अनुपयुक्त वा असान्दर्भिक भनाईलाई संचालकद्वारा विच मै रोकी विषय केन्द्रीततर्फ ल्याउनु पर्दछ ।

६) सहभागीले पहिले उठीसकेका विषयवस्तुलाई दोहोर्‍याउन पाउने छैनन । पहिले उठिसकेका विषयवस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनु पर्नेछ ।

७) सुनुवाईको क्रममा व्यक्तिगत लान्छना लगाउन पाउने छैन र व्यक्तिगत कुरालाई सुनुवाईमा ल्याउन पाउने छैन ।

८) सहभागीहरुले समस्या वा गुनासाहरु राखेमा सो को समाधानको लागि सुझाव पनि दिनु पर्नेछ ।

**संचालकको आचारसंहिता**

१) पालैपालो नाम टिपाएर वोल्न लगाईनेछ ।

२) वोल्दा आफ्नो सेवा प्राप्त सम्वन्धी अनुभव भोगेका विषयवस्तुसंग सन्दर्भ मिलेको कुरा वोल्न लगाईनेछ र सकेसम्म तथ्य प्रकाश गर्न लगाईनेछ ।

३) व्यक्तिगत लान्छना भनाई राख्न रोक लगाईनेछ ।

४) समयलाई विचार गरी वोल्न लगाईनेछ ।

५) संचालकले आफ्नो भनाई नराखी सहभागीले उठाएको प्रश्न र जिज्ञासालाई स्पष्ट पार्ने वा पार्न लगाउने ।

६) सहभागीलाई शालिनतापूर्व प्रस्तुत गर्न लगाउने र लैङ्गिक समावेशीकरणलाई ध्यानमा राखि वोल्न लगाउने ।

## ७) खुला सत्र :

यस सत्रमा सेवाग्राहीहरुले सेवा प्रदायकसंग प्रश्न, जिज्ञासा, गुनासाहरु राख्नुभएको थियो जसको जवाफ, समाधान सम्वन्धित सरोकारवाला निकायहरुले गर्नुभएको थियो ।

| सि.नं. | सहभागीको प्रश्न | जवाफ दिने पदाधिकारीको नाम, पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|
| १ | सरकारी कार्यालयका भवनहरु र सीमा स्तम्भहरु जिर्ण वन्दै गएकाले यसको मर्मत सम्भारको जिम्मा कसको हो ? | प्र.जि.अ. मनोहर खनाल | सरकारी भवनहरु विस्तारै नया निर्माण हुदै गएको र स्तम्भका सन्दर्भमा गृह मन्त्रालयसंग समन्वय गरी स्थलगत अनुगमनका आधारमा कदम चालिने । |
| २ | नगर विकास समितिले सार्वजनिक जमिनको संरक्षणको सट्टा अनियमित ढंगले लिजमा दिई वजारको सौन्दर्य विगारेको । | प्र.जि.अ. मनोहर खनाल र न.वि.स. अध्यक्ष | वर्तमान समितिले उक्त निर्णय नगरेको, पुरानो समितिले निर्णय गरेकोले आवश्यक छानविन प्रक्रियामा रहेको । |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा निकाल्ने काम स्थागित भएकाले निर्माण कार्यमा कठिनाई भएको ले सो वारे के गर्न सकिन्छ ? | स्था.वि.अ. मोहन पौडेल | नेपाल सरकारले आषाड देख भाद्र सम्म नदिवाट ढुङ्गा, गिट्टी, वालुवा निकाल्ने काम स्थागित गर्ने निर्याय भएकाले यस वारे जिविसले सो निर्देशन अनुसार नै गर्ने भएकाले यस वारे मन्त्रालयमा जानकारी गराईने |
| ४ | अव्यवस्थित वसोवास लाई व्यवस्थित वनाइनुपर्ने । | प्र.जि.अ. र नगर वि.स. अध्यक्ष | सो वारेमा सम्बन्धित पक्ष संग निरन्तर छलफल गरिदै आएको र उचित निर्णय तथा निर्देशनको पर्खाईमा रहेको । |
| ५ | सार्वजनिक सुनुवाई वारे व्यापक प्रचार नभएको। | प्र.जि.अ | प्रचार प्रसारको जिम्मा जिल्ला कृषि विकास कार्यालयलाई दिएको र एफ एम वाट सार्वजनिक अपिल गरिएको । |
| ६ | स्वास्थ केन्द्रहरुमा निशुल्क वितरण गरिने औषधीहरुको अभाव हुने गरेको | व.ज.स्व.अ. श्री शिव दत्त भट्ट | समग्र चाहिने औषधिको ३५ प्रतिशत मात्र जिल्लालाई किन्ने अधिाकार रहेको वांकी ५० प्रतिशत केन्द्र र १५ प्रतिशत क्षेत्रले किनेर पठाउने भएकाले सार्वजनिक खरिद ऐनको अव्यवहारिकताका कारण समयमै किन्न |

| | | | |
|---|---|---|---|
| | | | नसकेर व्यवस्थापन गर्न नसकिएको। |
| ७ | महाकाली सिंचाई तेस्रो चरणको नहर विस्तार गरिदां अधिकांशको जमिनै सकिने अवस्थामा रहेकोले यस वारे के गर्ने ? | आयोजना प्रमुख श्री वीर सिंह धामी | उपभोग गरिरहेको जमिन अधिग्रहण गर्दा उचित क्षतिपुर्ति दिईने गरेको र यो जमिन अधिग्रहणको कार्य नै सवै भन्दा जटिल रहेको । |

**कार्यक्रमको अन्तमा**

कार्यक्रमको अन्तमा उपस्थित राजनैतिक दलका प्रतिनिधिज्यूहरुले समेत मन्तव्य राख्नुभएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख अतिथी श्री मोहन पौडेलले कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई धन्यवाद सहित मन्तव्यमा जि.वि.स.का आगामी कार्यक्रमहरु अझ पारदर्शीताका साथ अगाडी वढाईने कुरामा जोड दिनुभएको थियो । सभाध्यक्ष तथा प्रजिअ श्री मनोहर प्रसाद खनालले समग्र सुधारको प्रतिदद्धता सहित सहभागिताका लागी सवैलाई धन्यवाद दिदै समापन गर्नुभएको थियो ।